# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पकेट  कार्यक्रम संचालन गर्न ईच्छुकपत्र पेश गर्ने बारे

## सिरीजंङ्गा, गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ्गको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७४/१०/२५*

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत तपसिलका क्षेत्रहरुमा कार्यक्रम संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र कृषक उद्यमीहरुले आवश्यक कागजात सहित प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र (मिति २०७४/११/१० गते सम्ममा) सिरीजंङ्गा, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

(क) व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम १ (एक) वटा
संचालन हुने क्षेत्र : सिरीजंङ्गा, गाउपालीका क्षेत्र
क्षेत्रफल : प्रति पकेट १० हेक्टर (२०० रोपनी)

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

- आवेदन फारममा रु.१० को टिकट
- आवेदन फारममा कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीको नाम, ठेगाना, सम्पर्क नं., भाग लिने बाली र क्षेत्रफल उल्लेख भएको हुनु पर्ने ।
- कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्योग दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
- कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीले भाग लिने बाली र क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपी ।
- तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुन सक्ने वा एउटै कोरिडोरमा रहेको ।
- कार्यक्रम संचालन हुने स्थलको जग्गाको स्वामित्व देखिने कागजातहरुको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको करारनामा ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- वडा कार्यालयको सिफारिस ।

**पुनश्च** : सडक, सिँचाई, विद्युतको उपलब्धता भएको वा हुन सक्ने तथा नयाँ क्षेत्र विस्तारलाई प्राथमिकता दिईने छ ।

.............................
(प्रसन्नदिप राई)
प्रमुख प्रशासकीय अधिकृत

विस्तृत जानकारीको लागि

सिरीजंङ्गा, गाउँ कार्यपालिकाको कार्यालय,कृषि शाखा ताप्लेजुङ्ग

सम्पर्क नं.

तुलसा लिम्बू, प्रा.स. ९८६२७७३३६८